# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले धादिङको गजुरीमा फागुन २७ गते आयोजित एक समारोहका बीच नवस्थापित समवृद्धि विकास बैंकको उद्घाटन गर्नुभयो ।

समारोहमा नवस्थापित विकास बैंकप्रति शुभकामना व्यक्त गर्दै गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाहरूले नाफामूलक क्रियाकलापमा मात्र लगानी केन्द्रीत नगरी रोजगारी सिर्जना हुने कार्यमा लगानी बढाउनु पर्ने र वित्तीय पहुँच वृद्धिमार्फत बढी भन्दा बढी जनतालाई सर्वसुलभ वित्तीय सेवा प्रदान गर्न अग्रसर हुनु पर्ने धारणा व्यक्त गर्नुभयो ।



आफूसँग बचत रहेको रकम बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा गर्न सर्वसाधारणलाई आग्रह गर्दै गभर्नर डा. खतिवडाले यसो गर्दा रकम सुरक्षित हुने, प्रतिफलको रुपमा ब्याज पाइने र भविष्यमा चाहेको बेला झिकेर समस्या समाधान गर्न पनि सजिलो हुने बताउनुभयो ।

घरजग्गा तथा शेयर कारोबार पहिले भन्दा घटेको भए पनि यो सही ठाउँमा आएको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले पछिल्लो समयमा शोधनान्तर स्थितिका साथै देशको समग्र अर्थतन्त्रमा सुधार हुँदै आएको बताउनुभयो । साथै, कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको उहाँले जवाफ दिनुभएको थियो ।

समारोहमा नेपाल विकास बैंक एसोसियसनका प्रथम उपाध्यक्ष श्री इन्द्र हुमागाई, साना किसान विकास बैंकका अध्यक्ष श्री खेम पाठक, धादिङ उद्योग वाणिज्य संघका अध्यक्ष श्री प्रभातकिरण सुवेदी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अधिकृत पूँजी रु. २० करोड, जारी पूँजी रु. १० करोड र चुक्ता पूँजी रु. ७ करोड रहेको समवृद्धि विकास बैंक धादिङ जिल्लामा केन्द्रीय कार्यालय रहेको दोस्रो विकास बैंक भएको जानकारी समारोहमा दिइएको थियो ।

**गभर्नरको कार्यालय**